

चंकी श्रेष्ठ

# तिम्रो अनुहारको ऐना

-चंकी श्रेष्ठ

तिम्रो अनुहारको ऐनामा
मान्छेहरू हेरिरहेछन् यो देशको अनुहार ।

चर्किएको, भत्किएको ऐनामा
देखिन्छ- हरेक वस्तु टुक्रा-टुक्रा
तिम्रो अनुहारको ऐनामा
देखिन्छ- यो हिमाल, यो पहाड, लेकबेंशी
अनि हाम्रा उज्यालाहरू टुक्रा-टुक्रा
हो, देखिन्छ- रगतले सिँचेको यो सिंगो भूगोल
र, स्वयं यो देश भाँचिएको, रगतपच्छे र टुक्रा-टुक्रा

चर्किंदै चर्किंदै चकनाचुर हुन आँटेको
तिम्रो अनुहारको ऐनामा
देखिन्छ- तिम्रै अनुहार पनि टुक्रा-टुक्रा

तिम्रो अनुहारको ऐनामा
मान्छेहरू हेरिरहेछन् यो देशको अनुहार
हो, हेरिरहेछन् यो देशको बीभत्सता
किन विवश छन् मान्छेहरू
तिम्रै अनुहारको ऐनामा हेर्न यो देशको अनुहार ?

◙◙◙◙◙◙◙◙◙◙◙◙◙◙

## देशलाई बगाउन
## तम्तयार यी नदीहरू

-चंकी श्रेष्ठ

थुप्रैथुप्रै मुहानहरू
भरिभराउ छन् रगतले
चारैतिरबाट बग्दै आएका छन्
र, चारैतिर बग्दै गएका छन् यहाँबाट रगतका नदीहरू ।

बगैँचा हुँदै
कुलो-कुलेसो हुँदै
आली र कान्ला हुँदै
जंगलका बुट्यान र रूखका टोड्का हुँदै
मुलायम फूल र कोपिलालाई रुझाउँदै
बगेको छ साना बालकहरूको रगत
वृद्ध मान्छेहरूको रगत
कलिला युवतीहरूको रगत

बढ्दै बढ्दै आइरहेछन्
बढ्दै बढ्दै बढ्दै गइरहेछन्
रगतका यी कुलेसाहरू
रगतका यी खोलाहरू
रगतका यी नदीहरू, सागरहरू, महासागरहरू
सिंगै देशलाई बगाउन
तम्तयार भएर बढ्दैछन्
बढ्दै बढ्दै बढ्दै आइरहेछन्
बढ्दै बढ्दै बढ्दै गइरहेछन्

◙◙◙◙◙◙◙◙◙◙◙◙◙